दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २२२ | बुटवल | २०८३ भदौ ०७ गते, आइतबार | नेपाल संवत १९४६ | Sunday August 23, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


## प्रमको मुस्ताङ भ्रमणको उद्देश्य के ?

बुटवल । नेकपा एमालेका सचिव महेश बस्नेतले प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' को मुस्ताङ भ्रमणलाई लिएर प्रश्न उठाएका छन् । कुनै औपचारिक जानकारीबिना प्रधानमन्त्री लोमान्थाङ गएको भन्दै उनले यसको वास्तविक उद्देश्यबारे सरकारसँग जवाफ मागेका हुन् ।

प्रधानमन्त्री शाह भ्रमणका क्रममा मुस्ताङको लो घ्याकर गुम्बा र दामोदर कुण्ड पुग्ने कार्यक्रम रहेको बस्नेतको भनाइ छ । यसै सन्दर्भलाई जोड्दै नेता बस्नेतले केही दिनअघि मात्र अमेरिकी दूतावासका सार्वजनिक मामिला प्रमुख माइक जे.हार्करले पनि मुस्ताङका गुम्बाहरूको भ्रमण गरेको स्मरण गराएका छन् । यी दुई घटनालाई जोडेर उनले प्रधानमन्त्रीको भ्रमणमाथि आशङ्का व्यक्त गरेका हुन् । सामाजिक सञ्जाल फेसबुकमार्फत् आफ्नो धारणा सार्वजनिक गर्दै बस्नेतले सरकारको कामकारबाही पारदर्शी नभएको आरोप लगाएका छन् । 'कुनै औपचारिक कार्यक्रमबारे सार्वजनिक जानकारी दिइएको छैन,' उनले लेखेका छन्-'सुरक्षा संयन्त्रलाई समेत जानकारी नगराइएको प्रधानमन्त्रीको भ्रमणको उद्देश्य र कार्यक्रमबारे सरकारले स्पष्ट जानकारी दिनुपर्छ ।'

सरकारी भ्रमण सधैँ पारदर्शी र जबाफदेही हुनुपर्नेमा उनले जोड दिएका छन् । विदेशी कूटनीतिज्ञको भ्रमण लगत्तै देशको कार्यकारी प्रमुख त्यसै क्षेत्रमा गुपचुप पुग्नुलाई उनले संयोग मात्र मान्न नसकिने सङ्केत गरेका छन् । 'यो कुनै षड्यन्त्र नभई संयोग मात्र हो भने पनि जनताका प्रश्नको जवाफ आवश्यक छ,' बस्नेतले अगाडि लेखेका छन्,-'सरकारी भ्रमणमा पारदर्शिता र जबाफदेहिता हुनुपर्छ ।' उनले प्रधानमन्त्री शाहलाई सिधैँ सम्बोधन गर्दै मुस्ताङ भ्रमणको लुकेको पाटो सार्वजनिक गर्न र जनताको आशङ्का मेटाउन माग गरेका छन् ।

## गुल्मीका दुई मेडिकल सिल

**प्रेम सुनार**
*गुल्मी*

जिल्ला प्रशासन कार्यालय गुल्मीको नेतृत्वमा इस्मा गाउँपालिकामा अवैध रूपमा सञ्चालित दुई वटा निजी मेडिकलमा ताला लगाई सिल गरिएको छ । प्रशासनको टोलीले छापा मार्दा इस्मा गाउँपालिका-२ छल्दीटारस्थित राम मेडिकल हल र वडा नं १ हर्पुकोटमा सञ्चालित आलम मेडिकल अवैध रुपमा सञ्चालित भेटिएका प्रशासनले जनाएको छ ।

राम मेडिकल हल ( छल्दीटार ) तम्घासको वैधानिक मेडिकलको शाखाका रूपमा सञ्चालन गरिएको भनिए पनि कुनै कानुनी मापदण्ड पूरा नगरेकाले सिल गरिएको छ । यसका सञ्चालक इस्मा गाउँपालिकामै कार्यरत छैटौँ तहका अहेव रमेश मरासिनी हुन् ।

आलम मेडिकल ( हर्पुकोट ) को कुनै इजाजत र मापदण्डविना सञ्चालनमा रहेको यो मेडिकल पनि प्रशासनले बन्द गराएको छ । यसका सञ्चालक हस्तिचौर स्वास्थ्य चौकीका प्रमुख सम्सुल हक मिया हुन् ।

हस्तिचौर स्वास्थ्य चौकीका प्रमुख सम्सुल हक मिया विक्रम संवत् २०५६ सालदेखि इस्मामा कार्यरत छन् । केही महिना इस्मा गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृतसम्म बनेका मियालाई माथिल्लो तहको राजनीतिक पहुँच र जनप्रतिनिधिको संरक्षणका कारण लामो समयसम्म एउटै ठाउँमा टिकाइराखिएको स्थानीयको आरोप छ ।

सरकारी कर्मचारीले नै अवैध धन्दा चलाएको उजुरी परेपछि जिल्ला प्रशासन कार्यालय गुल्मीबाट खटिएको टोलीले यो कारबाही गरेको हो । कानुनी प्रक्रिया पूरा नगरी सञ्चालन गरिएका यी दुवै मेडिकल बन्द गराई सञ्चालकहरूमाथि थप कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रशासनका प्रशासकीय अधिकृत कमल सेनले बताए ।

# गरिमालाई न्याय माग्दै ठाउँ-ठाउँमा प्रदर्शन





बुटवल । बाराको जितपुर-सिमरा- १, दसधुरेकी तीन वर्षीया बालिका गरिमा चौधरीलाई न्याय माग्दै बुटवलसहित देशका विभिन्न ठाउंमा महिलाहरुले प्रदर्शन गरेका छन् ।

गत साउन ३१ गते बिहान साढे ८ बजे घरबाट बेपत्ता भएकी गरिमाको बलात्कारपछि हत्या भएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको थियो । सोही घटनाको विरोधमा महिला अधिकारकर्मीहरुले शनिबार बुटवलमा प्रदर्शन गरका हुन् । ट्राफिकचोकबाट सुरु भएको विरोध प्रदर्शन उच्च अदालत तुल्सीपुर बुटवल इजलास मार्ग हुँदै इलाका प्रहरी कार्यालय बुटवलसम्म पुगेको थियो । ठूलो संख्यामा रहेका महिलाहरुले इलाका प्रहरी कार्यालय गेट बाहिर घटनाको विरोधमा नाराबाजी गर्दै गरिमालाई न्याय दिन माग गरे । प्रदर्शनका सहभागीले बलात्कारीलाई हदैसम्मको कारबाहीको माग गरेका छन् ।

घटनाको विरोधमा शनिबार काठमाडौँमा पनि विरोध प्रदर्शन गरिएको छ। इन्डेपेन्डेन्ट मदर्स अफ नेपाल नामको संस्थाको आयोजनामा गरिमा चौधरीका लागि न्याय माग्दै रत्नपार्कमा ऱ्याली गरिएको हो ।

रत्नपार्कबाट सुरु गरिएको विरोध ऱ्याली घण्टाघर हुँदै फेरि रत्नपार्क पुगेर सभामा परिणत भएको थियो । यस्तै गरिमा चौधरीको न्यायका लागि भन्दै स्थानीयवासीले वीरगञ्ज-पथलैया सडकको सिमरामा सडकमै टेण्ट टाँगेर प्रदर्शन गरेका छन् ।

बिहीबार राति स्थानीय प्रशासनले केही राजनीतिक दलका प्रतिनिधि तथा जीतपुरसिमरा उप-महानगरपालिकाका जनप्रतिनिधिको रोहबरमा पाँच बुँदे सहमति गरे पनि मृतक बलिकाका परिवारले उक्त सहमति अमान्य रहेको बताएको थियो । परिवारले सहमति अमान्य भएको बताएपछि घटनाको विरोधमा आन्दोलन जारी रहेको हो ।

गत साउन ३१ गते बिहान साढे ८ बजे घरबाट बेपत्ता भएकी गरिमा मंगलबार साँझ जितपुर-सिमरा- १, भक्तिनगरस्थित वीरबहादुर रोकाको टायलले छाएको एकतले घरको खाली कोठाभित्र मृत अवस्थामा फेला परेकी थिइन् । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार गरिमा घरबाट बेपत्ता भएपछि उनलाई जितपुर-सिमरा- २ बस्ने १६ वर्षीय सुमन थापाले चकलेट दिएर ललाइफकाई गरेको र घटनास्थलमा लगेको खुलेको छ । त्यसपछि बालिकामाथि जबर्जस्ती करणी गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले १६ वर्षीय सुमन थापा र ना १ ज ७७५८ नम्बरको म्याजिकका धनी जितपुर-सिमरा- १ निवासी २४ वर्षीय प्रोग्रेस चौधरीलाई पक्राउ गरेको छ । घटनाको वास्तविक कारण, घटनामा अन्य व्यक्तिको संलग्नता भए-नभएको तथा घटनाको विस्तृत विवरणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसैबिच गरिमा चौधरीका आमा-बुवालाई काठमाडौं लगिएको छ । गृहमन्त्री सुधन गुरुङसँग वार्ता गर्नका लागि उनलाई काठमाडौं लगिएको हो । शनिबार अपराह्न सिमरा विमानस्थलबाट गरिमाका बुवा मनोज चौधरी र आमा मानमती चौधरीलाई स्थानीय अभियन्ताको साथमा काठमाडौं पठाइएको हो । गरिमाका आमा-बुवालाई आन्दोलनरत स्थानबाट इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टले प्रहरीकै गाडीमा ल्याएर एयरपोर्टमा बोर्डिङ पास गराएका छन् । उनीहरूको साथमा स्थानीय अभियन्ता कपिल खरेल, सम्राट उपाध्याय, नवराज कार्कीलगायत ७ जनाको टोली वार्ताका लागि काठमाडौं लागेको हो ।

काठमाडौ जानुअघि मृतकका बुवा मनोज चौधरीले स्थानीयवासीलाई आफ्नो छोरीको न्यायको लागि आन्दोलन जारी राखिदिन आग्रह गरेका थिए । प्रहरी र केही अभियन्ताले वार्ताका लागि काठमाडौं लैजाने योजना गोप्य रूपमा बनाएको भन्दै स्थानीयले सिमरा विमानस्थल अगाडि पनि प्रहरीविरुद्ध नाराबाजी गरेका थिए ।

## बँदेल, मृग र चित्तलको शिकार गर्न लाइसेन्स बाँडिदै

बुटवल । नेपालमै पहिलोपटक डिभिजन वन कार्यालय अर्घाखाँचीले बदेल, रातो मृग र चित्तलको शिकार गर्नका लागि जिल्ला शिकार अनुज्ञापत्र वितरण गर्ने भएको छ । कार्यालयले शुक्रबार सूचना प्रकाशित गर्दै इच्छुक नेपाली नागरिकबाट अनुज्ञापत्रका लागि निवेदन आह्वान गरेको हो ।

कार्यालयका अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ९ बमोजिम जिल्ला शिकार अनुज्ञापत्र जारी गरिनेछ । जिल्लामा विशेषगरी बदेलको संख्या बढ्दै गएपछि स्थानीय कृषकका बालीमा क्षति पुग्ने समस्या बढेको सन्दर्भमा कानुनले तोकेको परिधिभित्र रही बँदेलको शिकार गर्न अनुमति दिने व्यवस्था कार्यान्वयन गर्न लागिएको कार्यालयका सूचना अधिकारी केशर खड्काले जानकारी दिए । बदेलसँगै रातो मृग र चित्तलको शिकारका लागि समेत अनुज्ञापत्र जारी गरिने उनले बताए ।

इच्छुक नेपाली नागरिकले भदौ १० गतेभित्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३० को अनुसूची-३ बमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा दरखास्त दिन सक्ने खड्काले बताए ।

सूचना अधिकारी केशर खड्काका अनुसार अनुज्ञापत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले वन्यजन्तुको शिकार गर्न पाउने छैन ।

जिल्लाका केही वन्यजन्तुको संख्या निरन्तर बढिरहेको तथा स्थानीय कृषकको बालीमा क्षति बढिरहेको अवस्थालाई ध्यानमा राख्दै कानुनले दिएको विशेष अधिकारअन्तर्गत यस्तो अनुज्ञापत्र जारी गर्न लागिएको उनले बताए ।

» बाँकी ३ पेजमा

# सेज ऐनका कारण करोडौंको संरचना कवाडमा फाल्नुपर्ने बाध्यता



**मोहम्मद हबिब**
*भैरहवा*

निर्यात प्रवर्द्धन गर्ने र औद्योगिक लगानी आकर्षित गर्ने मुख्य उद्देश्यका साथ स्थापना गरिएको भैरहवा विशेष आर्थिक क्षेत्र (सेज) मा राज्यको अव्यावहारिक नीति र कानुनी उल्झनका कारण पञ्चकन्याको ४ करोडको संरचना कबाडको रुपमा परिणत हुने स्थिति बनेको छ ।

देशकै अग्रणी औद्योगिक घराना पञ्चकन्या समूह करोडौँको क्षति व्यहोर्दै सेजबाट निस्कने बहिर्गमन हुन बाध्य भएको हो । २०७५ श्रावणमा सेजभित्रका चारवटा प्लटहरू भाडामा लिएर प्रवेश गरेको पञ्चकन्या एस.एस. एक्स्पोर्ट प्रालिले २०७६ आश्विनसम्ममा कम्पाउण्ड पर्खाल, उद्योग, सुरक्षा गार्ड भवन, शौचालय र क्यान्टिनलगायतका भौतिक संरचना निर्माणमा करिब ४ करोड रुपैयाँ लगानी गरी उद्योग स्थापना गरेको थियो । २०७७ चैत्रदेखि व्यावसायिक उत्पादन सुरु गरी दैनिक ४० टन उत्पादन क्षमता र वार्षिक १५ करोड रुपैयाँ कारोबारको लक्ष्यसहित भारततर्फ निर्यातसमेत प्रारम्भ गरेको उद्योगले सुरुवाती दिनदेखि नै सेज व्यवस्थापनबाट अपेक्षाकृत सहजीकरण पाउन सकेको थिएन । सहजीकरणको अभावकै कारण २०७९ फागुनमा दुईवटा प्लटको भाडा सम्झौता अन्त्य गर्दै बाँकी दुई प्लटबाट मात्र व्यवसाय जारी गरेको सूमहूले अन्तत सेजबाटै बाहिरीना लागेको छ ।

विशेष आर्थिक क्षेत्र ऐन २०७३ ले तोकेको निर्यात परिमाण पुरा हुन नसकेको कारण देखाउँदै सेज व्यवस्थापनले २०८० आश्विनदेखि उद्योगको उत्पादनलाई आन्तरिक बजारमा बिक्री गर्न पूर्ण रूपमा प्रतिबन्ध लगायो । यही समयमा भारत सरकारले स्टिलजन्य वस्तुको आयातमा नयाँ नियमहरू लागू गरेपछि भारततर्फको निर्यात पनि ठप्प हुन पुग्यो । आन्तरिक र बाह्य दुवै बजार बन्द भएपछि उद्योग कारोबारविहीन भई थला पर्यो, जसका कारण १५ जना कर्मचारीसहित करिब ७५ प्रतिशत जनशक्तिलाई बाध्यतावश कटौती गर्नुपर्ने परिस्थिति बन्यो । २०८२ असार मसान्तसम्म निर्यात प्रवर्द्धनका लागि हरसम्भव प्रयास गर्दा पनि कुनै निकास ननिस्किएपछि अन्ततः उद्योग स्थापना भएको केवल पाँच वर्षमै, २०८२ भाद्रमा पञ्चकन्या समूहले सेजबाट बाहिरिने बाध्यात्मक निर्णय गर्यो ।

सेजबाट बहिर्गमन भएपछि उद्योगले आफ्ना मेसिनरी सामानहरू स्थानान्तरण गरी स्वदेशी बजारमा बिक्री तथा निर्यात पुनः सुरु गरे तापनि सेजभित्रै रहेका भौतिक संरचनाहरूको व्यवस्थापन ठूलो चुनौती बन्यो । सेजको नियमानुसार उद्योग छोडेको एक वर्षभित्र २०८३ भाद्रमा भौतिक संरचना व्यवस्थापन गरिसक्नुपर्ने प्रावधान छ । पञ्चकन्या समूहले आफूले निर्माण गरेका संरचनाहरू सेजमै आउन इच्छुक अन्य नयाँ लगानीकर्तालाई बिक्री गरी लगानीको केही हिस्सा जोगाउन खोजेको थियो । यसरी बिक्री गर्दा करिब ३ करोड रुपैयाँ उठ्ने र १ करोड मात्र नोक्सानी हुने अनुमान थियो ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# किन बरालिंदै छ रास्वपा ?

राष्ट्रिय स्वतन्त्र पार्टी अहिले दुई तिहाई नजिक सिट ल्याएर सरकार सञ्चालन गरिरहेको छ । स्थापनाको छोटो समयमै उसले पाएको सफलता ऐतिहासिक हो । मिश्रित निर्वाचन प्रणालीमा बहुमत ल्याउन कठिन हुने भन्दै विश्लेषण भइरहेका बेला रास्वपाले दुई तिहाईको बहुमत ल्याएर निर्वाचन प्रणालीप्रति गरिएको प्रश्नलाई नै चुनौती दियो । जनलहरलाई कसैले रोक्न सक्तैन् भन्ने तथ्यलाई स्थापित गर्न सफल रास्वपा अहिले बाटो बिराएको बटुवा झै हुन थालेको छ ।

निर्वाचन भएको ६ महिना नबित्दै रास्वपा र सरकारप्रति नागरिकका अपेक्षा र आशा घट्न थालेको देखिन्छ । उससँग धेरै प्रश्न छन् । दुई तिहाई नजिकको सरकारसँग नागरिकका अपेक्षा साँघुरिनु स्वभाविक होइन् । चुलिएका नागरिकका अपेक्षा पूरा गर्न बलियो सरकारको अपेक्षा थियो, त्यो अवसर रास्वपाले पाएको छ, त्यो अवसरलाई कार्यान्वयन गर्ने बेला हो यो । यो बेला सरकार दीर्घकालीन प्रभाव पार्ने नीतिगत सुधार र नागरिकलाई सहज सेवाप्रवाहका लागि अहोरात्र खट्नुपर्नेमा स्टण्डमा लाग्दा समस्या श्रृजना भएको छ । सरकार र पार्टी बिचको सम्बन्ध सहज अघि बढाउन पार्टी अध्यक्ष रवि लामिछानेले जति मिहिनेत गरिरहेका छन्, प्रधानमन्त्री बालेन्द्र साहले बेवास्ता गरिरहेका छन् । पार्टी केन्द्रीय कमिटीको बैठक बसिरहेको छ, वरिष्ठ नेता समेत रहेका साह मुस्ताङको निजी भ्रमणमा हिडेका छन् । चुनाव जितेपछि झापामा अझै उनी फर्केका छैनन् । उनको कार्यशैलीले पार्टी भन्दा व्यक्तिलाई प्रधान ठानेको देखिन्छ । पार्टी एउटा संस्था हो । यो संस्थालाई विधिमा चलाउन सक्दा पार्टी पंक्ति चलायमान हुन्छ, सरकार सञ्चालन सहज हुन्छ, तर पार्टी सञ्चालन र सहभागितामा उनको बेवास्ताले सरकार र पार्टीबीचको दुरी बढ्दै गएको देखिन्छ । महाधिवेशन गरेको पार्टीले केन्द्रीय समितिमा मनोनयन र जिम्मेवारी बाँडफाँटलाई सक्रियता देखाएर संगठनलाई चलायमान बनाउने प्रयास गरेको छ । यद्यपी अझै टुंगो लागेको छैन । महाधिवेशनपछि अपेक्षित पार्टी लयमा लैजान सभापति लामिछानेको भूमिका अझै फराकिलो हुनुपर्नेछ, दुई तिहाई बहुमत पाएर सरकार चलाएको पार्टी व्यवस्थापन फितलो भयो भने त्यसले ल्याउने निशारा मुलुक र लोकतन्त्रकै लागि जोखिम हुनेछ ।

सुकुम्वासी समस्या समाधान गर्न सरकारले अहिले अघि सारेको नीति असफल भइसकेको छ । बागमती किनारबाट हटाएर होल्डिङ सेन्टर राखियो । त्यहाँबाट निकालेपछि अहिले अलपत्र परेका छन् । देशभर भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवासीका समस्यालाई एउटै डालोमा राखेर हेरियो भने समस्या समाधान हुँदैन । बजारलाई चलायमान बनाउन निजी क्षेत्रलाई विश्वासमा लिन सरकार चुकेको छ । त्रस्त निजी क्षेत्रले काम गर्ने उर्जा गुमाएको छ । विज्ञ अर्थमन्त्रीले अपरिपक्कता देखाउँदा सरकारप्रति निजी क्षेत्रको आशा धरर्मराएको छ । पहिले सबै गलत भएको थियो र हामीले नयाँ गर्ने हो भन्ने मनोविज्ञानबाट काम गर्दा शिक्षा क्षेत्रले लय समाउन सकेको छैन । सुधार गर्नुपर्ने क्षेत्रमा गर्ने र पहिलेदेखि राम्रै भएका कामलाई किन गिजोल्नुपर्‍यो ?

पार्टी सभापति लामिछाने चुनावमा प्राप्त नतिजाले धेरै जिम्मेवार हुनुपर्ने बताइरहेका छन्, तर प्रधानमन्त्रीको सचिवालयको उदण्ड र अराजक क्रियाकलापले रास्वपाको साख गिराएको छ । अख्तियार प्रमुख सहितलाई प्रधानमन्त्री कार्यालय बोलाएर च्याखच्याखती पार्दै राहदानी प्रकरणमा मुद्दा चलाउन दिएको दबाब छताछुल्ल भएको छ । रास्वपा सांसदहरुलाई जिम्मेवार बन्न, तथ्यहिन कुरा गरेर अविश्वसनीय नबन्न निर्देशन दिँदा पनि आशिका तामाङ र खगेन्द्र सुनारसहित कतिपय सांसद अराजक बन्दा अन्ततः त्यसको मूल्य पार्टीले चुकाउँदैछ । समय अझै छ, रास्वपा लथालिङ्ग हुँदा त्यसको मूल्य मुलुकले चुकाउँछ, समाजमा बढेको अराजकता अझै चुलीमा पुग्छ । त्यसैले प्रधानमन्त्री बालेन्द्र साह र सभापति रवि लामिछानेले लय मिलाएर पार्टी प्रणाली स्थापित गर्न ढिलाइ गर्न हुन्न ।

# मातृभाषा पत्रकारिताको आयाम



लक्की चौधरी

*मातृभाषा पत्रकारिताको अवसर र सम्भावना राम्रो छ । यसका अवसरमा मूलतः संविधानले दिएको भाषिक अधिकारको प्रवर्धन गर्नु, सामुदायिक सञ्चारको विस्तार तथा मातृभाषाका सञ्चार माध्यमको प्रवर्धन गर्नु, डिजिटल पत्रकारिताको सम्भावना वृद्धि गर्नु, स्थानीय विषयवस्तुको माग बढाउनु, भाषिक तथा सांस्कृतिक संरक्षण गर्नु, मातृभाषाका पत्रकार उत्पादन तथा रोजगारी बढाउनु, सार्वजनिक सहभागिता बढाउनु आदि हो । मातृभाषा पत्रकारिताको उद्देश्य सूचनामा सबैको समान पहुँच बनाउनु हो । सामाजिक समावेशीकरण, सांस्कृतिक अधिकार र लोकतान्त्रिक सहभागिताको आधार तयार गर्नु पनि यसको अर्को ध्येय हो ।*

नेपाल बहुभाषिक र बहुसांस्कृतिक देश हो । जातीय विविधताले भरिएको देश भएकाले यहाँ मातृभाषाका वक्ता र पाठक धेरै छन् । १४२ जाति रहेको नेपालमा १२४ भाषा बोलिने गरेको जनगणना २०७८ को तथ्याङ्क छ । अध्ययन अनुसार कुल जनसंख्याको ४४.९ प्रतिशतले सम्पर्क भाषा खस नेपाली बोल्छन् । बाँकी ५५.१ प्रतिशतले आफ्नै मातृभाषामा सञ्चारको काम गर्छन् । यसर्थ खस नेपाली र अङ्ग्रेजीमा मात्र पत्रकारिता गरेर सबैका लागि पत्रकारिता गरेको मान्न सकिँदैन । स्थानीयस्तरमा दूरदराजका नागरिकका लागि सूचनाको स्रोत मातृभाषा पत्रकारिता नै हो । मातृभाषा पत्रकारिताको पहुँच जन जनमा छ । स्थानीय सरकार जस्तै मातृभाषा पत्रकारिताले स्थानीय नागरिकलाई सुसूचित गर्ने गरेको छ । त्यही कारण मातृभाषा पत्रकारिताको आज पनि आवश्यकता छ । यसको प्रवर्धनमा सरकारको लगानी आवश्यक छ ।

**लेख्य रूपमा प्रयोग हुने भाषा**

नेपालमा बोलिने १२४ भाषामध्ये १६ भाषा मात्र लेख्य परम्परामा बढी प्रयोगमा छन्; जसमा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेपाल भाषा (नेवारी), अवधी, डोटेली, बज्जिका, उर्दु, मगर, गुरुङ, लिम्बू, किँरात राई, शेर्पा छन् । लेख्य रूपमा प्रयोग हुने भाषा भन्नाले बोलीचालीसँगै लेखन, प्रकाशन, शिक्षा, प्रशासन, साहित्य, सञ्चार तथा डिजिटल माध्यममा लिखित रूपमा प्रयोग हुने भाषालाई बुझिन्छ । अन्य भाषाको अझै लेख्य रूपमा प्रयोग भएको मानिँदैन । लेख्य भाषा र मातृभाषा फरक विषय हो । नेपालमा धेरै मातृभाषा बोलिन्छ तर सबै भाषा मानकीकृत भएको छैन । भाषा लेखिनका लागि व्याकरण, शब्दकोश, लिपि, पाठ्यपुस्तक, साहित्य, सञ्चार माध्यम र डिजिटल सामग्री समान रूपमा विकसित भएको हुनु पर्छ । अझै धेरै भाषा मौखिक परम्परामै सीमित छन् ।

**पत्रकारितामा मातृभाषा**

नेपालमा सम्पर्क भाषा नेपालीबाहेक मैथिली, मगर, थारू, भोजपुरी, नेपाल भाषा, तामाङ, उर्दु, लिम्बू, गुरुङलगायत भाषामा मातृभाषा पत्रकारिता गरिन्छ । प्रेस काउन्सिल नेपालको तथ्याङ्क अनुसार करिब १५० जति मातृभाषाका पत्रपत्रिका (साहित्यसहित) दर्तामा छन् । त्यसमध्ये करिब ५० भाषाका पत्रपत्रिका मात्र नियमित छन् । मातृभाषा पत्रकारिताको सबैभन्दा पहुँचयुक्त क्षेत्र रेडियो हो । स्थानीयस्तरमा सामुदायिक रेडियोले मैथिली, भोजपुरी, थारू, अवधी, मगर, तामाङ, गुरुङ, नेपाल भाषा, लिम्बूलगायतका मातृभाषामा कार्यक्रम तथा समाचार बुलेटिन प्रसारण गर्ने गरेका छन् ।

सोही अनुसार सरकारी तथा केही निजी टेलिभिजनबाट पनि नेपालीबाहेक विभिन्न मातृभाषामा समाचार, संवाद, सांस्कृतिक तथा जनचेतनामूलक कार्यक्रम प्रसारण हुँदै आएको छ । यद्यपि रेडियोको तुलनामा टेलिभिजनमा मातृभाषाका कार्यक्रमको पहुँच कमजोर छ । स्थानीयस्तरमा मातृभाषाका टेलिभिजनसमेत सञ्चालनमा छन् । सोमध्ये कैलालीको धनगढीबाट सञ्चालनमा रहेको थारू टेलिभिजन एक हो । पछिल्लो समय डिजिटल प्रविधिको विकास भएसँगै अनलाइन पत्रकारितामा मातृभाषाको प्रयोग बढी हुन थालेको छ । नेपाली पत्रकारिताको नयाँ क्षेत्रका रूपमा मातृभाषा पत्रकारिता स्थापित हुँदै गएको छ । अनलाइन न्युज पोर्टल र सामाजिक सञ्जालमा मातृभाषाको प्रयोग हुन थालेपछि यसको भविष्य उज्ज्वल देखिन्छ । सामाजिक सञ्जालसँगै युट्युब च्यानलमा समेत मातृभाषाका सामग्री प्रसारण हुन थालेको छ ।

त्यस्तै सरकारी सञ्चार माध्यम गोरखापत्रमा नोपलीबाहेक ४९ राष्ट्र भाषामा सामग्री उत्पादन र प्रकाशन हुन्छ । रेडियो नेपाल र नेपाल टेलिभिजन (पिएसबी) मा विभिन्न २७ भाषाका समाचार उत्पादन र प्रसारण हुने गर्छ । राष्ट्रिय समाचार समिति (रासस) मा विभिन्न पाँच भाषामा समाचार बुलेटिन निर्माण हुन्छ । यसले भाषिक समावेशीकरणमा महत्वपूर्ण योगदान दिएको छ ।

**विश्वमा मातृभाषाको प्रयोग**

विश्व पत्रकारितामा चिनियाँ मन्दारिन, अङ्ग्रेजी र हिन्दी भाषाका पत्रपत्रिकाले वर्चश्व कायम गरेका छन् । विश्वका करिब ४० देशमा मात्र मातृभाषा पत्रकारिता गर्ने गरिएको तथ्याङ्क छ । यद्यपि मातृभाषा पत्रकारिताको अवस्था कमजोर छ । ठुलो जनसंख्या भएको उत्तरी छिमेकी देश चीनमा त्यहाँको राष्ट्रिय भाषा मन्दारिन, मान्चु भाषामा पत्रकारिता गरिन्छ । केही स्वायत्त क्षेत्रमा तिब्बती, उइगुर र मङ्गोलियन भाषामा मातृभाषा पत्रकारिता गरेको देखिन्छ । त्यहाँ पत्रकारिता राज्यको नियन्त्रणमा रहेकाले मातृभाषा पत्रकारिता खुम्चिँदै गएको छ ।

अर्को दक्षिणी छिमेकी मुलुक भारतमा पनि ठुलो जनसंख्या छ । चीनको तुलनामा भारतमा मातृभाषा पत्रकारिताको सम्भावना फराकिलो छ । भारतीय संविधानले मान्यता दिएको हिन्दी, तेलुगु, मराठी, तमिल, बङ्गाली जस्ता भाषाका पत्रपत्रिकाको दबदबा छ ।

भारतीय प्रेस रजिस्ट्रार अनलर अफ इन्डियाको कार्यालयको तथ्याङ्क अनुसार त्यहाँ करिब एक सय जति मातृभाषाका सञ्चार माध्यम सञ्चालनमा छन् । मुख्यतः आसामी, उर्दु, पन्जाबी, काश्मीरी, सिन्धी, डोग्री, बोडो, मरिपुरी, तेलुगु, कन्नड, मलयालम, मराठी, गुजराती, बङ्गाली, भोजपुरी, मैथिली, मगही, सन्थाली मुण्डारी, गारो, खासी, मिजो जस्ता मातृभाषामा पत्रपत्रिका सञ्चालनमा छन् ।

क्यानडामा इनुकटिटुट, क्री, उत्तरी स्लाभी, ग्विचिनलगायतका मातृभाषामा सञ्चार माध्यम सञ्चालनमा छन् । त्यहाँका सञ्चार माध्यमले माथि उल्लिखित मातृभाषामा समाचार सामग्री उत्पादन गरी प्रकाशन तथा प्रसारण गरी नागरिकलाई सुसूचित गर्ने गरेका छन् । त्यसै गरी न्युजिल्यान्डमा माओरी भाषामा सञ्चार माध्यम सञ्चालनमा छन् । नर्वे, स्वीडेन र फिनल्यान्डमा सामी भाषाको प्रयोग बढी हुन्छ । अन्य देशमा पनि मातृभाषाका सञ्चार माध्यम सञ्चालनमा छन् ।

**मातृभाषा पत्रकारिता सम्मेलन**

मातृभाषी पत्रकारलाई एक थलोमा भेला गरी मातृभाषा पत्रकारिता सम्मेलन अहिलेसम्म नेपालमा मात्र हुने गरेको छ । यसअघि विसं २०८१ र २०८२ मा भएको पहिलो र दोस्रो सम्मेलनमा केही देशका मातृभाषी पत्रकारको सहभागिता थियो । २०८३ साउन २५ देखि २७ गतेसम्म काठमाडौँमा आयोजित तेस्रो मातृभाषा पत्रकारिता सम्मेलनमा २७ देशबाट ५० जना मातृभाषी पत्रकारको सक्रिय सहभागिता रह्यो । देशबाहिर र देशभित्रका गरी करिब चार सय मातृभाषी पत्रकार एकै मञ्चमा मातृभाषा पत्रकारिता, यसका चुनौती र अवसरबारे गहन संवाद गरेका छन् । यसले मातृभाषा पत्रकारिताको उपस्थिति र सम्भावनालाई दरिलो बनाएको छ । विश्वभर मातृभाषी पत्रकारको समस्या, चुनौती र अवसर समान रहेको मातृभाषी पत्रकारको बुझाइ छ । सरकारी तवरबाट मातृभाषी पत्रकार र सञ्चारगृहमा लगानी न्यून रहेको तथ्याङ्क छ । यद्यपि नेपालमा मातृभाषी पत्रकार र सञ्चार माध्यमको उपस्थिति बलियो रहेकाले नेपाल मातृभाषा पत्रकारिताको उर्वर भूमि हो ।

मातृभाषा पत्रकारिता सम्मेलनले ११ बुँदे घोषणापत्र जारी गर्दै मूलतः सात वटा सन्देश दिएको छ । पहिलो, मातृभाषी पत्रकारलाई एक ठाउँमा भेला गरी मातृभाषी पत्रकारबिच एकताको सन्देश प्रवाह गर्ने गरेको छ । दोस्रो, मातृभाषा पत्रकारिताले भाषाको संरक्षण मात्र गर्दैन, दूरदराजका मातृभाषी नागरिकलाई सरकारसँग जोड्ने र स्थानीय भाषामा सूचना प्रवाह गरी सुसूचित गर्ने गरेको छ । तेस्रो, मातृभाषा पत्रकारितामार्फत् भाषा तथा साहित्यको श्रीवृद्धिमा भूमिका खेल्ने गरेको छ । चौथो, मातृभाषा पत्रकारिताको समस्या, चुनौती र अवसरको पहिचान गरी राज्यलाई त्यसबारे ठोस नीति बनाई कार्यान्वयनका लागि दबाब दिने गरेको छ । पाँचौं, परम्परागत रूपमा अभ्यासमा रहेका आदिवासी ज्ञान, सिप र परम्परालाई पुस्तान्तरण गर्न सहयोग गर्ने गरेको छ । छैटौं, मातृभाषाको लेख्य परम्परालाई थप बलियो बनाई भाषाको मानकीकरण गर्नमा सहयोग गर्ने गरेको छ । सातौं, मातृभाषा पत्रकारितामा राज्यको लगानी बढाई मातृभाषी पत्रकारको क्षमता वृद्धि गरी पत्रकारितामा टिकाउने र बिकाउने वातावरण निर्माण गर्ने गरेको छ ।

**चुनौती र अवसर**

नेपालमा मातृभाषा पत्रकारिताको सम्भावना ठुलो छ तर राज्यको लगानी न्यून हुँदा मातृभाषा पत्रकारिता चुनौतीसँग जुधिरहेको छ । नेपालमा बोलिने सबै मातृभाषाको लेख्य मानकीकरण, पत्रकार उत्पादन, आर्थिक स्रोत, नियमित प्रकाशन, डिजिटल सामग्री, पाठक/दर्शक, बजारको समान रूपमा विकास नहुँदा यसको प्रवर्धनमा समस्या छ । मातृभाषामा पत्रकारिता गर्नु भनेको अनुवाद पत्रकारिता गर्नु मात्र होइन, सम्बन्धित समुदायको भाषा, संस्कृति, ज्ञान, सिप, कला, आवश्यकता र दृष्टिकोणलाई आफ्नै भाषामा सार्वजनिक विमर्शको वातावरण निर्माण गर्नु हो । मातृभाषा पत्रकारिताको प्रमुख चुनौतीमा भाषाको मानकीकरण समस्या, दक्ष जनशक्तिको अभाव, आर्थिक स्रोतको कमी, पाठक, श्रोता र सीमित बजार, प्रविधि र डिजिटल सामग्रीको कमी, सरकारी न्यून लगानी, समाचार स्रोत र अभिलेखको कमी आदि हो ।

त्यस्तै मातृभाषा पत्रकारिताको अवसर र सम्भावना राम्रो छ । यसका अवसरमा मूलतः संविधानले दिएको भाषिक अधिकारको प्रवर्धन गर्नु, सामुदायिक सञ्चारको विस्तार तथा मातृभाषाका सञ्चार माध्यमको प्रवर्धन गर्नु, डिजिटल पत्रकारिताको सम्भावना वृद्धि गर्नु, स्थानीय विषयवस्तुको माग बढाउनु, भाषिक तथा सांस्कृतिक संरक्षण गर्नु, मातृभाषाका पत्रकार उत्पादन तथा रोजगारी बढाउनु, सार्वजनिक सहभागिता बढाउनु आदि हो । मातृभाषा पत्रकारिताको उद्देश्य सूचनामा सबैको समान पहुँच बनाउनु हो । सामाजिक समावेशीकरण, सांस्कृतिक अधिकार र लोकतान्त्रिक सहभागिताको आधार तयार गर्नु पनि यसको अर्को ध्येय हो ।

नेपाल बहुभाषिक देश भएकाले नागरिकलाई सुसूचित गर्न मातृभाषा पत्रकारिता अपरिहार्य छ । रेडियो, टेलिभिजन र डिजिटल माध्यमबाट यसको प्रयोग बढे पनि लेख्य मानकीकरण, दक्ष जनशक्ति र राज्यको न्यून लगानी यसका मुख्य चुनौती हुन् । भाषिक अधिकारको संरक्षण, स्थानीय सुशासन र समावेशीकरणका लागि यसको प्रवर्धन र विकास गर्नु अति आवश्यक छ ।

गोपबाट

# डङ्की : कहालीलाग्दो बाटोको कथा




वनविज्ञ डा. चन्द्र गिरीद्वारा लिखित 'डङ्की : सपनाको कालबाटो' उपन्यासले अवैधानिक रूपमा तल्लो बाटो हुँदै अमेरिका जाने आप्रवासीहरूको पीडादायी कथा समेटेको छ ।

नेपाली भाषी धेरै भएका भारतका शहरहरूमा नेपालका पहाडी क्षेत्रबाट ज्याला मजदुरी गर्न थुप्रै नेपालीहरू जान्थे । उनीहरूको दारुण अवस्थाले उपन्यासकार लीलबहादुर क्षेत्रीलाई 'बसाइँ' लेख्न प्रेरित गरेको थियो । 'बसाइँ' प्रकाशित भएको ७० वर्षपछि अमेरिका बसोबास गर्दै आएका वनविज्ञ डा. चन्द्र गिरीले पनि बसाइँ हिँड्नेहरूकै कथालाई उपन्यासमा उतारेका छन् ।

कुनै सन्दर्भमा कोलम्बियाको सीमान्त शहर नोकोक्ली पुगेका गिरीलाई अमेरिका जान हिँडेका आप्रवासीहरूको दारुण अवस्थाले आघात पारेपछि 'डङ्की : सपनाको कालबाटो' तयार भएको हो ।

डङ्की शब्द पञ्जावी भाषाको 'डुमकी' बाट आएको बुझिन्छ, जसको अर्थ हुन्छ, 'छल गरेर अघि बढ्नु, डुबकी लगाउनु वा एक ठाउँबाट अर्को ठाउँमा लुकेर जानु' । यही शब्दको आलोकमा लुकीछिपी एक देशबाट अर्को देशमा गैरकानुनी रूपमा जानुलाई संसारभर 'डङ्की' शब्द प्रयोग हुन थाल्यो । डङ्की उपन्यासले पनि तल्लो बाटो हुँदै अमेरिका जानेहरू कसरी अमेरिका पुग्छन् भन्ने कथा बताएको छ ।

कुनै उपाय लगाएर सभा, सेमिनार, गोष्ठी, अनुसन्धान लगायतको बहानामा उडानमार्फत अमेरिका जानुलाई 'माथ्लो बाटो' भनिँदो रहेछ । तर, अनेक मुलुक हुँदै हिँडेरै अवैधानिक रूपमा अमेरिका छिर्ने मार्गलाई 'तल्लो बाटो' भनिँदो रहेछ । जुनसुकै देशबाट गए पनि उसलाई आफ्नो देशमा असुरक्षा छ भन्ने लागेमा अमेरिकाले शरण दिँदोरहेछ । त्यही भएर धेरै देशका धेरैजना सुरक्षित आश्रयको आशामा अमेरिकी भूमिमा टेक्ने प्रयासमा हुँदा रहेछन् ।

'डङ्की' उपन्यासमा पनि नेपालबाट अमेरिका हिँडेकाहरूको कथा छ । पूर्वी पहाडको एउटा गाउँबाट तल्लो बाटो हुँदै अमेरिका जाने क्रममा मुख्य पात्र पशुपतिले बिर्खे र पण्डितलाई भेट्न पुग्छ । पशुपति कथावाचक रहेको उपन्यासमा बिर्खे र पण्डितका कथा पनि प्रसंगअनुसार आउँछन् । साथै, बाटोमा भेटिने अरू देशबाट हिँडेकाहरूको कथा पनि उपन्यासको सहायक कथानक भएको छ । उनीहरूको यात्रा विवरण नै उपन्यासको मुख्य कथा हो ।

ती सबै अमेरिका पुगेर नयाँ जीवनको सुरुवात गर्ने आशामा छन् । यात्राका क्रममा मुख्य पात्रले आम नेपालीको सुखदुःखको कथा बताउँछ र ऊ किन आफ्नो गाउँठाउँको इज्जतिलो जीवन त्यागेर पाताल भासिन खोज्छ भन्ने पुष्टि गर्ने प्रयास गर्छ । 'बसाइँ' को धनेलाई सम्झाउने गरी 'डङ्की' को पशुपति पाताल भासिन खोजेको छ । उसले साहुको ऋण, घरबार उठ्नुपर्ने बाध्यताको सामना गरेको छैन, यद्यपि ऊ यहाँ अडिन चाहँदैन । ऊ जस्तै अन्य दुई पात्र पनि पाताल भासिन खोजेका छन् । यो क्रममा उपन्यासले उधिन्ने कथाले समकालीन नेपाली समाजको भासलाई उतार्न खोजेको छ ।

कथामा विदेश जानेहरू मिटरव्याजीसँग आफ्नो हैसियतभन्दा बढीको ऋण लिएर हिँडेका छन् । सार्वजनिक समारोहमा 'देशमै रोजगारी सिर्जना गर्छु' र 'विदेशिएका युवालाई देशमा आकर्षित गर्नुपर्छ' भन्दै कुर्लिने नेताहरू नै विदेश जान तारतम्य मिलाइदिने एजेन्ट छन् । तीमार्फत् उपन्यासले नेपाली समाजको दोहोरो चरित्रलाई उदाङ्ग पारेको छ । सोझा र निमुखा गाउँलेलाई पाइला पाइलामा निचोर्ने धुर्त र कपटी दलाल तिनै नेताको संरक्षणमा छन् ।

मान्छे कि त आफ्नो थातथलोमा बस्नै नसकेर बसाइँ जान्छ, कि त बसाइँ जाने ठाउँको रामरमिताले तानिएर बसाइँ जान्छ । तर बसाइँ जाने यो बाटो भने कठिन छ । पुस्तकको प्रभावकारी तर दुःखद् पक्ष भनेको भयंकरको 'डेरियन ग्याप' को यात्रा वर्णन हो । अमेरिकाको अलास्कामा पर्ने पुर्दो खाडीदेखि अर्जेन्टिनाको टिएरा डेल फुगोसम्म फैलिएको प्यान-अमेरिकन राजमार्गको पानामा र कोलम्बिया सीमाक्षेत्रको करिब १०० किलोमिटरको सडक नजोडिएको क्षेत्रलाई 'डेरियन ग्याप' भनिन्छ ।

यहाँको कठिन प्राकृतिक अवस्थाले नै यहाँ बाटो बन्न गाह्रो छ । साथमा यो क्षेत्र कसरी खतरनाक बनेको छ भने यहाँ आपराधिक समूहहरूले आश्रय लिएका छन् । यहाँ लागूपदार्थ ओसारपसार गर्ने कोलम्बियाको ठूलो समूह क्लान पारा मिलिटरी ग्रुप, कोलम्बियाको सशस्त्र छापामार समूह फार्कलगायत अन्य सशस्त्र समूहको उपस्थिति छ । सो जंगल क्षेत्र पार गर्न पाँचदेखि १० दिनसम्म हिँड्नुपर्छ । बाटोमा खाना, बस्न, भइपरी आउँदा आधारभूत उपचारको कुनै सुविधा छैन । विषालु सर्प र कीरा, चितुवा तथा अन्य वन्यजन्तुको डर उस्तै । साथमा मलेरिया र डेंगीजस्ता रोगको जोखिम ।

ज्यान हत्केलामा राखेर गरिने यात्रा वर्णन पढिरहँदा आखिर मान्छे किन यो नर्कको बाटोमा जान चाहन्छन् भन्ने प्रश्नले मनमा घरीघरी नमज्जाले घोचिरहन्छ । डेरियन ग्यापका दृश्य तथा घटनाक्रमले मान्छे कतिसम्म पीडामा रहेछन् र सुखको खोजीमा ज्यान नै बाजी मारेर हिँडेका भन्ने सोच्न बाध्य बनाउँछ । तीनले सामना गर्ने अवस्थाले पाठकलाई सिरिङ बनाउँछ ।

एक ठाउँमा आएको छ- 'पानीको उर्लंदो बहावसँग संघर्ष गर्दै अगाडि बढिरहेको थिएँ । खोलाको बीच भागमा पुगेपछि अचानक १०-१५ फिट माथिबाट एउटा सानो आकृति बग्दै हामीतिर आउँदै गरेको देखें । करिब छ-सात वर्षकी सानी केटीलाई बाढीले आफ्नो पकडमा लिइसकेको रहेछ । त्यो दृश्यले म स्तब्ध भएँ । एकछिनका लागि आफ्नै छोरी सम्झिएँ, बगिरहेकी ती बालिका मेरै छोरी प्राची हुन् कि जस्तो लाग्यो । पछाडिबाट कसैले चिच्याउँदै भनिरहेको थियो, 'माई डटर ! माई डटर !'' (पृ. १७२)

जो भर्खर स्कुल जान थालेकी आफ्नी छोरीलाई छोडेर विदेशिएको छ उसले यस्तो अवस्थाको सामना गर्दा ऊ लग्याकलुलुक हुन पुग्छ । र, दुःखको कुरा त्यो एउटा प्रसंगले यात्राको यातना सकिँदैन । त्यस्ता विरहका किस्सा उपन्यासभरी बग्रेल्ती आएका छन् । त्यो बाटो त्यसै कालबाटो भएको होइन रहेछ भन्ने पाठकले बुझ्छन् ।

तल्लो बाटो अमेरिका जाँदाको जोखिम अर्को ठाउँमा यसरी व्यक्त भएको छ- 'राति एक बजेतिर एजेन्टले हामीलाई जाऊँ भनेर बोलाए अनि पानीको छेउमा लगेर एउटा सानो डुङ्गा चढाए । ती एजेन्टले हामीलाई अर्को एजेन्टको जिम्मा लगाए । १० जना अट्ने डुङ्गामा १७ जना कोचियौं । तीव्र गतिमा अघि बढिरहेको डुङ्गालाई समुद्रको छालले बेलाबेला बेजोडले ठक्कर दिन्थ्यो ।

» बाँकी ३ पेजमा

# राममणिमा दुईदिने अन्तर्राष्ट्रिय सम्मेलन



तिलोत्तमा । रूपन्देहीको मणिग्राममा २ दिने अन्तर्राष्ट्रिय सम्मेलन शनिबार सुरु भएको छ । अनुसन्धान व्यवस्थापन समिति राममणि बहुमुखी क्याम्पस, मणिग्राम रूपन्देहीले आयोजना गरेको सम्मेलनमा नेपालसहित चार देशका विज्ञहरूको सहभागिता रहेको छ । सामाजिक विज्ञानका उदीयमान दृष्टिकोण तथा शैक्षिक अवसरहरू" "उत्कृष्टताको खोजीमा" मूल विषय रहेको सम्मेलनमा नेपाल, भारत र फिलिपिन्सका ३ जना प्राध्यापकहरूले मुख्य वक्ताका रूपमा आज (शनिबार) कार्यपत्र प्रस्तुत गरेका थिए ।

सम्मेलनको उद्घाटन गर्दै त्रिभुवन विश्वविद्यालयका कार्यबाहक रजिष्ट्रार एवम् व्यवस्थापन संकायका डीन प्रा.डा. महानन्द चालिसेले अनुसन्धानकै उपयोगबाट अघि बढ्नु अहिलेको आवश्यकता रहेको बताए । सम्मेलनका मुख्य वक्ता समेत रहेका प्राध्यापक चालिसेले व्यवस्थापन संकाय र अन्य संकायका कार्यक्रम अझ बढी अनुसन्धानात्मक बनाउन सकिए नेपाल र नेपालीको भविष्य थप उज्ज्वल हुने बताए ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष ध्रुवकुमार धितालको अध्यक्षतामा आयोजित सम्मेलनमा अर्का मुख्य वक्ता भारतको दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयका प्रा. डा. अनुराग द्विवेदीले वर्तमान उत्तरआधुनिक मानव विकासको सन्तुलनमा समाजशास्त्रीय अनुसन्धान सान्दर्भिक रहेको जनाए। प्राध्यापक द्विवेदीले प्रविधि, अर्थतन्त्र र भौतिक विकासको सदुपयोग गर्न र सुखी संसार बनाइरहनका लागि सबैको ध्यान पुग्न आवश्यक रहेको उल्लेख गरे ।

अन्तर्राष्ट्रिय सम्मेलनका अर्का मुख्य वक्ता फिलिपिन्सको अब्रा स्टेट इन्स्टिच्यूट अफ साइन्सेज एण्ड टेक्नोलोजी का प्राध्यापक डा. एलेक्सिस ए. एन्रिक्वेज ले हालको कृत्रिम बुद्धिमत्ता (ए.आई.) अवसरसँगै बहुपक्षीय चुनौती लिएर आएको बताए । यसको सदुपयोगबाट प्राध्यापक तथा विद्यार्थी लाभान्वित हुने पक्षमा उनले कार्यपत्र प्रस्तुत गरेका थिए ।

क्याम्पसका उपप्राध्यापक मुक्तिनाथ गैह्रेको सञ्चालनमा मणिग्राम विश्राम बाटिकामा आयोजित उद्घाटन सत्रमा नेपाल पब्लिक क्याम्पस संघका केन्द्रीय अध्यक्ष शत्रुघनप्रसाद गुप्ता, क्याम्पस प्रमुख ताराप्रसाद पराजुली र अनुसन्धान व्यवस्थापन समितिका संयोजक डा. अशोक भण्डारीले मन्तव्य व्यक्त गरेका थिए ।

उद्घाटनपश्चात् सञ्चालित विशेषज्ञ समूह छलफल (प्यानल डिस्कसन) का क्रममा सृजनात्मक क्षति, वर्तमान अर्थतन्त्रका चुनौती र अवसर, कृत्रिम बुद्धिमतालगायत विषयमा विज्ञहरूले आफ्ना तर्क प्रस्तुत गरेका थिए । डा. अशोक भण्डारीको सञ्चालनमा भएको विशेषज्ञ समूह छलफलमा भारतको दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयका प्रा. डा. अनुराग द्विवेदी, त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका सहायक डीन प्रा.डा. दिलिप पराजुली र त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका सह प्राध्यापक डा. रेशम थापाले विज्ञका रूपमा भूमिका निर्वाह गरेका थिए ।

अन्तर्राष्ट्रिय सम्मेलनकै क्रममा सञ्चालित दोस्रो समूह छलफलमा (प्यानल डिस्कसनमा) सरोकारपक्षका विज्ञहरूले स्थानीय उद्योग, व्यवसायबाट पुगेको आर्थिक योगदान एवम् तिनको दिगोपनाका चुनौतीबारे आफ्ना अनुभव प्रस्तुत गरेका थिए । त्यसैगरी, दक्ष जनशक्ति उत्पादनमा सामुदायिक क्याम्पसका योगदान, वर्तमान चुनौती र सम्भावनाबारे आफ्ना अनुभव प्रस्तुत गरेका थिए ।

उपप्राध्यापक कृष्णकुमार रेग्मीको सञ्चालनमा भएको समूह छलफलमा नेपाल पब्लिक क्याम्पस संघका केन्द्रीय अध्यक्ष शत्रुघन प्रसाद गुप्ता, विश्वविद्यालय अनुदान आयोगका उपनिर्देशक नारायणप्रसाद भण्डारी, नेपाल घरेलु तथा साना उद्योग महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष गणेशप्रसाद अधिकारी, शिवगंगा डेरीका सञ्चालक एवम् देवदह नगरपालिकाका पूर्व प्रमुख हिराबहादुर खत्री, लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तारा ज्ञवाली र एन.आई.सी.एशिया बैंक लुम्बिनी प्रदेश प्रमुख राजन पोखरेलले विज्ञका रूपमा भूमिका निर्वाह गरेका थिए ।

दुवै प्यानल डिस्कसनका (विशेषज्ञ छलफलका) क्रममा उपस्थित प्राध्यापक, अनुसन्धानकर्ता तथा सहभागीहरूले विज्ञहरूसँग जिज्ञासा राखेका थिए । त्यस्तै, सम्मेलन सञ्चालनका बिच-बिचमा विद्यार्थीहरूले साँस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरेका थिए ।

सो सम्मेलनको दोस्रो दिन (भाद्र ७ गते आइतबार) नेपाल, भारत, फिलिपिन्स र मलेशिया गरी ४ देशका विभिन्न विश्वविद्यालय एवम् क्याम्पसका अनुसन्धानकर्ताका ३३ वटा कार्यपत्र प्रस्तुत गरिने अनुसन्धान व्यवस्थापन समितिका सदस्य राजेन्द्र थापाले जानकारी दिए । सम्मेलन उद्घाटनका दिनमा विभिन्न क्याम्पस तथा विश्वविद्यालयका २१८ जनाको सहभागिता रहेको सहायक क्याम्पस प्रमुख खुमकान्त पाण्डेले उल्लेख गरे ।

# पुस्तकालय दिवसमा नाटक प्रतियोगिता गर्दै ज्ञानज्योति

बुटवल । ज्ञान ज्योति पुस्तकालय बुटवलले १९औँ राष्ट्रिय पुस्तकालय दिवसको तथा गणेश पाण्डे बासु स्मृति दिवसको अवसरमा माध्यमिक विद्यालयस्तरीय नाटक प्रतियोगिता गर्ने भएको छ । यही भदौ १३ गते तिलोत्तमा ३ को सिद्धार्थ इंग्लिश बोर्डिङ स्कुलमा कार्यक्रम हुने भएको हो । प्रतियोगिताका लागि पुस्तकालयले विद्यालयलगायत संघसंस्थाहरूलाई पत्राचार गरिसकेको पुस्तकालयका व्यवस्थापक प्रकाश सुवेदीले जानकारी दिए । ज्ञान ज्योति पुस्तकालयले हरेक वर्ष भानु जयन्तीमा रामायणवाचन र पुस्तकालय दिवसको अवसरमा गाउँ खाने कथा प्रतियोगिता र कुनै वर्ष नाटक प्रतियोगिता गर्दै आएको छ । ज्ञान ज्योति पुस्तकालय २०४३ सालमा स्थापना भई विभिन्न आरोह र अवरोधका साथ हालसम्म यात्रा पूरा गर्दै अघि बढेको अध्यक्ष टुकबहादुर क्षेत्रीले बताए ।

# मणिमुकुन्दका अभिभावकलाई अभिमुखीकरण



बुटवल । बुटवल योगिकुटीको मणिमुकुन्द माविले आफ्ना अभिभावकलाई बाल मनोविज्ञानका विज्ञ प्रशिक्षकबाट अभिमुखीकरण गरेको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा बुटवल ११ का वडाध्यक्ष रामचन्द्र खनाल क्षेत्रीले अभिभावकले गर्भधारणदेखि नै बच्चाको भविष्यको बारेमा सकारात्मक कुरा मात्रै सोच्ने र व्यवहारमा उतार्नुपर्ने सुझाव दिए । गर्भावस्थादेखि एक हजार दिनभित्र बच्चाको ८० प्रतिशत बढी मानसिक, शारीरिक विकास हुने भएकाले सोही अवधिलाई सदुपयोग गर्नुपर्नेमा वडाध्यक्ष क्षेत्रीले जोड दिए। वडाध्यक्ष क्षेत्रीले बालबालिकालाई गाली नगरी सकारात्मक कुरामार्फत पढाइको महत्व बुझाउनुपर्ने पनि बताए ।

विद्यालय सञ्चालक समितिका उपाध्यक्ष उमापति न्यौपानेले बालबालिकाको घर नै पहिलो पाठशाला भएको हुनाले अभिभावकले घरमा पढ्ने वातावरण बनाइदिनुपर्ने र असल संस्कार सिकाउनुपर्ने सुझाव दिए । मोबाइल फोनको अधिक प्रयोगले बालबालिकाको सिर्जनात्मक क्षमतामा ह्रास आइरहेकाले जन्म दिनमा केक काट्न छाडेर पुस्तक उपहार दिने बानीको विकास गर्न अभिभावकलाई सुझाव दिए ।

घरमा अभिभावकले पनि पुस्तक पढ्ने बानी विकास गर्नुपर्ने उपाध्यक्ष न्यौपानेले आग्रह गरे ।

कार्यक्रममा प्रशिक्षक इन्द्रकुमार प्रसाईले अभिभावकहरुलाई आफ्ना सन्तानलाई कसरी असल विद्यार्थी, संस्कारी, अनुशासित र सक्षम नागरिक बनाउन सकिन्छ भन्ने विषयमा विविध पक्षबारे जानकारी गराएका थिए ।

विद्यार्थीले १८ घण्टा घरमै बिताउने भएकाले अभिभावकहरु विद्यालय वा कलेजको मात्रै भर परेर बस्न नहुने बरु घरमा पढ्न उत्प्रेरित गर्नुपर्ने उनले बताए । आफ्नो बच्चाको मिल्ने साथीहरुको पढाइको स्तर कस्तो छ, उसको परिवारको पृष्ठभूमि कस्तो हो, आदि बुझेर यदि पढाइमा कमजोर र पारिवारिक पृष्ठभूमि असल नभएका साथीहरु छन् भने उनीहरुसँगको संगत हटाएर पढाइ र घरको संस्कार राम्रो भएकालाई साथी बनाउन लगाउनुपर्ने प्रशिक्षक प्रसाईंले सुझाव दिए । कार्यक्रममा संस्थाका प्राचार्य टुकबहादुर क्षेत्रीले विद्यार्थीलाई संस्कारी,अनुशासित र पढाइमा अब्बल बनाउन संस्थाले हरेक वर्ष ख्यातिप्राप्त मोटिभेसनल प्रशिक्षक ल्याएर अभिावक र विद्यार्थीलाई असल मार्गमा लाग्न उत्प्रेरित गर्दै आएको बताए ।

संस्थाले पढाइको गुणस्तरसँगै अनुशासन र संस्कारलाई उच्च प्राथमिकता दिएकाले मणिमुकुन्दको बेग्लै पहिचान बनेको बताए ।

कार्यक्रममा प्ले ग्रुपदेखि ३ सम्मका अभिभावक तथा कक्षा ४ देखि १० सम्मका करिब ८ सय अभिभावकलाई दुई चरणमा प्रशिक्षण दिइएको मणिमुकुन्द माविका संयोजक हरिप्रसाद पौडेलले बताए । अभिभावकहरु सुस्मा पाण्डे र सपना ओलीले अभिमुखीकरण कार्यक्रमले अभिभावकहरुको परम्परागत सोंचाई र व्यवहार परिवर्तन गराई सकारात्मक कुरा सिकाएको भन्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिन सुझाव दिएका विद्यालयका शिक्षक प्रकाश सुवेदीले बताए ।

## श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको २१ (एक्काईस) दिने इतलायनामा म्याद सम्बन्धी सूचना

मितिः २०८३/०५/०७

मुद्दा नंः ०८२-CP- १०३२, मुद्दाः अंश सम्बन्ध विच्छेद/खाना खर्च । फाँटः सामान्य ४ (क)

जिल्ला कपिलवस्तु, बाणगंगा नगरपालिका वडा नं. २ मौजा दक्षिण दिल्लि पलट बस्ने गोपिनाथ पौडेलको पत्नी अं. वर्ष ६७ को जुन्ती माया पौडेल............................................१

ऐ.ऐ.बस्ने ऐ. को छोरा अं बर्ष ४८ को रामचन्द्र पौडेल...............................२

ऐ.ऐ.बस्ने ऐ.को छोरा अं. बर्ष ४६ को रामबाबु पौडेल...............................३

ऐ.ऐ.बस्ने ऐ. को छोरा अं.बर्ष ४४ को को दिपक पौडेल............................४

ऐ.ऐ.बस्ने ऐ. को छोरा अं. बर्ष ४० को शंकर पौडेल ................................५

उप्रान्त वादी जिल्ला कपिलबस्तु, बाणगंगा न.पा. वडा नं. २ घर भई हाल जिल्ला रुपन्देही सैनामैना न.पा. वडा नं. ११ माइतीघर बस्ने शंकर पौडेलको श्रीमती अनिता गौतम पौडेल प्रतिवादी तपाईहरु समेत भएको अंश सम्बन्ध विच्छेद मानाचामल मुद्दामा यस अदालतबाट तपाईका नाममा जारी भएको म्याद वेपत्ते तामेल भई बदर भएकोले यस अदालतको मिति २०८३/०३/२५ को आदेशानुसार तपाईहरुको नाउँमा यो म्याद सुचना प्रत्रिकामा प्रकाशित गरिएको छ । यो म्याद सुचना पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१(एक्काइस) दिन भित्र भए सबुत प्रमाण लिई अदालत खुलेको समयमा आफैं तथा कानून बमोजिमको प्रतिनिधि मार्फत् प्रतिउत्तरपत्र लिई यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

## जिल्ला प्रशासन कार्यालय, रूपन्देही

### विषयः प्रमाणित सम्बन्धमा

**श्री जो जससंग सम्बन्ध छ ।**



**जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. ९ भारतीय भु.पु सैनिक नं. JC617591 ASM&HONY CAPT का पेन्सनर कमल बहादुर सारुले आफ्नो श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर चुर कुमारी सारु जन्ममिति २०२७/०५/०२ ई.सं. १९७०/०८/१८ रहेको र आफ्नो भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर चुनी माया थापा जन्ममिति ई.सं. १९६७/१०/१० रही नामथर र जन्ममिति फरक परेकोमा उपरोक्त दुबै नामथर र जन्ममिति भएको व्यक्ति एकै व्यक्ति रहेकोले सोहि व्यहोरा प्रमाणित गरिपाउ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा तिलोत्तमा नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. २९० मिति २०८३/०४/२६ को सिफारिसबाट समेत लेखि आएकोले सोही व्यहोरा सिफारिस गरिएको छ ।**

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालय, रूपन्देही

### विषयः प्रमाणित सम्बन्धमा

**श्री जो जससंग सम्बन्ध छ ।**



**जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ११ बस्ने भारतीय भु.पु. सैनिक नं. JC602058N, 1/1 GR का पेन्सनर डिल बहादुर थापाले आफ्नो श्रीमती तुलमाया थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर तुलमाया थापा जन्ममिति २०२०/०३/०९ ई.सं. १९६३/०६/२३ रहेको र आफ्नो भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर DURMAYA THAPA जन्ममिति ई.सं. १९६५/०६/१० रही नामथर जन्ममिति फरक परेकोमा दुवै नाम थर जन्ममिति भएको व्यक्ति एकै रहेको व्यहोरा प्रमाणित गरिपाउ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा बुटवल उपमहानगरपालिका ११ नं. वडा कार्यालयको च.नं. ६६१ मिति २०८३/०५/०१ को सिफारिसबाट समेत लेखि आएकोले सोही व्यहोरा सिफारिस गरिएको छ ।**

प्रमुख जिल्ला अधिकारी

**बँदेल ...**

उनका अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीले वन कार्यालयलाई तोकिएको प्रक्रिया र सीमाभित्र रही जिल्ला शिकार अनुज्ञापत्र जारी गर्ने विशेष अधिकार दिएको छ । कानुनी व्यवस्था रहे पनि जिल्लामा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्थामा अब उक्त व्यवस्थालाई कार्यान्वयनमा ल्याउने तयारी गरिएको उनले बताए।

शिकार अनुज्ञापत्र प्राप्त गर्न नियमावलीको अनुसूची-१ बमोजिमको राजस्व समेत बुझाउनुपर्नेछ । जिल्ला शिकार अनुज्ञापत्रका लागि ७ हजार तथा दुई वटा बदेलको शिकारका लागि रु. १० हजार राजस्व लाग्ने व्यवस्था रहेको कार्यालयले जनाएको छ । नियमअनुसार एकै किसिमका तोकिएका जनावर वा पक्षीको स्वीकृत संख्या ननाघ्ने गरी मात्र शिकार गर्न पाइनेछ। साथै, एक व्यक्तिलाई एक वर्षमा एक पटकभन्दा बढी जिल्ला शिकार अनुज्ञापत्र दिन पाइने छैन ।

कार्यालयले शिकारसम्बन्धी सम्पूर्ण प्रक्रिया प्रचलित कानुन, नियमावली र कार्यालयले तोकेको सर्तअनुसार मात्रै हुने स्पष्ट गरेको छ ।

**सेज...**

सेजमा आउन इच्छुक लगानीकर्ताको मञ्जुरी र विवरणसहित सेज व्यवस्थापन समक्ष निवेदन पेस गरिएता पनि सेज ऐनमा उद्योगका संरचना भत्काएर मात्रै प्लट अरूलाई दिनुपर्ने अव्यावहारिक व्यवस्था भएकाले प्राधिकरणले उक्त प्रस्तावमाथि कुनै कारबाही अघि बढाएन । भौतिक संरचना थप सहजीकरण वा बिक्रीका लागि १ वर्षको म्याद थप गरिदिन गरिएको निवेदनमा समेत कुनै जवाफ नआएपछि अन्ततः पञ्चकन्या समूह आफ्नै लगानीमा बनेका संरचनामा डोजर चलाएर भत्काउन बाध्य भएको छ । जस्को सुरुवात शुक्रबारबाट सेज परिसरमा सुरु भएको छ ।

संरचना भत्काएर कबाडीका रूपमा बिक्री गर्दा अनुमानित मूल्य केवल २० लाख रुपैयाँमा सीमित हुने र कुल नोक्सानी ३ करोड ८० लाख रुपैयाँ पुग्ने पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहुले बताए । साहुका अनुसार विशेष आर्थिक क्षेत्र प्राधिकरण, सांसद, मन्त्रीदेखि प्रधानमन्त्री कार्यालयसम्म धाउँदा पनि कानुनी अड्चनका कारण कतैबाट निकास निस्कन सकेन ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उज्ज्वलकुमार कसजू, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्य, र तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले ऐनका यस्ता त्रुटिपूर्ण प्रावधानले निजी क्षेत्रलाई ठूलो मार्कामा पारेको र पञ्चकन्या जस्तो राष्ट्रिय उद्योगले यस्तो हविगत भोग्नु दुखद भएको बताएका छन । सरकारले निति बनाउदा निजी क्षेत्र समबद्ध संस्थाका प्रतिनिधीहरु अनिवार्य नराखेकोले पनि यो यस्ता समस्या निजी क्षेत्रले व्याहोर्नु परेको बताए ।

पञ्चकन्या समूहका कार्यकारी निर्देशक उज्ज्वलकुमार श्रेष्ठले सरकारले कानुन बनाउँदा निजी क्षेत्रलाई समावेश नगराएकै कारण यस्तो दुर्दशा निम्तिएको भन्दै कानुन परिमार्जनको माग गरेका छन् । यता सेज भैरहवाका कार्यालय प्रमुख सबुत डुम्रेले भने आफूहरूले सहजीकरण गर्न खोजे पनि विद्यमान कानुनी प्रक्रियाकै कारण समस्या उत्पन्न भएको स्वीकार गरे । उनले केही समय अझै रहेकोले हामी प्रयासरत छौँ, प्राधिकरणमा जानकारी गरएकोले अझै पनि केही सुनवाई हुन सक्ने बताए । राज्यको यस्तो व्यवहार र कानुनी जटिलताले गर्दा नयाँ लगानीकर्ताहरूको मनोबल खस्किने र औद्योगिक लगानीको संरक्षणमा गम्भीर प्रश्नचिह्न खडा भएको छ ।

**डक्की ...**

त्यो बेला मुटुको धड्कनले पनि मलाई बेचैन बनाउँथ्यो । हरेक झट्काले डुङ्गालाई हावामा उचालेर फेरि समुद्रमा फालेजस्तो लाग्थ्यो । म डुङ्गालाई दह्रोसँग समातेर बसेको थिएँ । पौडी खेल्न नआउने हुँदा समुद्रमा खसिएला कि भन्ने डरले आक्रान्त भइरहें । सानोमा मेचीखोलामा पौडी खेलेकाले अलि-अलि तैरिन मात्र आउँथ्यो । डुङ्गाको तीव्र गति र समुद्रको असीम शक्तिले हामीलाई कुनै पनि क्षण निल्न सक्ने डर थियो । मैले भगवान्सँग प्रार्थना गरें, 'भगवान् म यसरी समुद्रमा विलीन हुन चाहन्नँ, मलाई बचाऊ ।' (पृ. १३४)

तल्लो बाटोबाट कसरी अमेरिका गइन्छ भन्ने कथा बताउने 'डङ्की'ले दुःखको कथा भनेको छ । अमेरिका पुगेपछि संघर्ष गरेर एउटा तहमा पुग्दा त ठिकै होला, तर त्यो हासिल गर्न अवैधानिक बाटोमा ज्यानको बाजी मारेर आफू आएको बाटो भत्काउँदै अघि बढ्नुपर्ने जुन पीडादायी यथार्थ छ, त्यो पक्कै पनि मिठो कथा होइन । तर पनि उपन्यासले नमिठो कथालाई मिठो गरी भन्ने प्रयास गरेको छ ।

उपन्यासको विषयवस्तुका कारणले पनि होला, पढेपछि अब के होला भन्ने जिज्ञासाले अन्त्यसम्म तान्छ जुन पुस्तकको सकारात्मक पाटो हो । सबैभन्दा प्रभावकारी पक्ष यसको अन्त्य देखिन्छ । जुन ढंगले कथाको अन्त्य भएको छ, यसले पाठकलाई यसका कमजोरीबाहेक पनि राम्रै सान्त्वना दिनेछ । आफ्नै छोरीजस्तै बालिका बाटोमा पर्ने नदीको बाढीमा बगेको देखेका पुशपतिकी छोरी प्राचीको भविष्य के होला ? भन्ने जिज्ञासा उपन्यासको अन्त्यसम्म जीवित रहन्छ ।

यसअघि प्रकाशित 'मैले नदेखेको सपना' शीर्षकको आत्मकथा तथा 'संसारको सेरोफेरो' नियात्रापछि यस तेस्रो कृतिमा आइपुग्दा डा. गिरी उपन्यासकार भएका छन् । पुस्तकमा केही कमजोरी पनि छन् । मुख्य कमजोरी लेखकको व्यक्तित्वले पात्रलाई छपक्कै छोपेको छ । कतिपय संवादहरू अस्वभाविक र अप्राकृतिक लाग्छन् । नियात्रा लेख्दै आएका लेखकको आख्यानमा यात्रा साहित्यको प्रभाव पाउनेछन् ।

नेपाली साहित्यमा बसाइँ हिँडेकाहरूका कयौं कथा लेखिए र त्यो क्रम अझै जारी छ । अहिले त आधुनिकताले बसाइँसराइलाई सघन बनाएको छ । डङ्कीका मुख्य तीन पात्रमा को-को अमेरिका पुग्छन्, उनीहरूको अवस्था के हुन्छ भन्ने विवरणले कथालाई रोमाञ्चकारी बनाएको छ ।

तल्लो बाटो अमेरिका जाने बाटोको विवरण पुस्तकमा आएको हुँदा यो उपन्यास तल्लो बाटो अमेरिका जाने यात्राको 'गाइड बुक' जस्तो पनि लाग्छ । उपन्यास तल्लो बाटो अमेरिका जाने सोंच बनाएका वा जानका लागि खुट्टा उचालेकाहरूले पढ्नु लाभदायक देखिन्छ । तर उपन्यास पढिसकेपछि यदि एक जना मात्रले पनि तल्लो बाटो अमेरिका नजाने निर्णय गरे भने त्यो लेखकको सफलता हुनेछ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# ढुङ्गामा कोरिएको सङ्घर्ष र सानो टहरोबाट देखिने ठूलो सपना



विष्णु खनाल
*नवलपरासी*

खोलाका बगरहरूमा ढुङ्गा खोज्दै हातमा घन र छिनो बोकेर बिताएका वर्षहरूले संगिता पत्थरकट्टाको हत्केलामा ठेला मात्रै पारेका छैनन्, उनको जीवनमा अनगिन्ती सङ्घर्षका कथा पनि कोरेका छन् ।

नवलपरासीको बर्दघाट नगरपालिका-४ मर्चाघोलाको सुकुम्वासी बस्तीको सानो टहरोभित्र ६ जनाको परिवार । न आफ्नो नाममा एक धुर जमिन छ, न त आम्दानीको अरू कुनै स्थायी स्रोत । तीन छोरा र एक बुहारीको जिम्मेवारी बोकेकी संगिताको दैनिकी श्रीमान् सुनिल पत्थरकट्टा, संगै सिलौटो, जाँतो, ओखली र खल बनाउने पुर्खौली काममै बित्छ ।

आधुनिक प्रविधिको विकाससँगै गाउँदेखि शहरसम्म मिक्स्चर र ग्राइन्डरको प्रयोग बढेपछि ढुङ्गाका औजार बनाउने यो समुदायको पेसा सङ्कटमा परेको छ ।

'पहिले-पहिले मान्छेहरू सिलौटो किन्न घरै खोज्दै आउँथे,' पुराना दिन सम्झिँदै संगिता भन्छिन्-'अहिले त न राम्रो ढुङ्गा सहजै पाइन्छ, न त किन्ने मान्छे नै ।'

एउटा गतिलो ढुङ्गा खोज्न संगिता र उनका श्रीमान् देउराली, चिडिया, खम्बारी खोलाहरूसम्म पुग्छन् । समयमै ढुङ्गाको पुर्जि खुल्दैन्, खोलाको किनारमा दिनभरि ढुङ्गा खोजेर घरसम्म ल्याएर तयार गर्दा २५ देखि ३० दिन लाग्छ । यति धेरै दुःख र समय खर्चिएर तयार पारेको सिलौटो र जाँतोको बजार भने दिनप्रतिदिन खस्कँदो छ ।

पहिले ढङ्गा लिनको लागि पुर्जि चाहिदैन थियो, सहज वातावरण थियो, तर अहिले यो वातावरण छैन । विना पुर्जि ढङ्गा पाइदैन् । खोला मा तयार भएका ढङ्गा बोलेरो चल्लने ठाउँसम्म ल्याउन ट्याक्टरको सहायता लिनुपर्छ । त्यसपछि घरसम्म ल्याउन बोलेरो । भाडामा नै ३ हजार र ८ हजार खर्च हुन्छ । घरसम्म ल्याउँदा बाटोमा पाईने सास्ती पनि कम्ताको छैन । एउटा ढुङ्गाबाट २ बटा सिलौटो तयार हुन्छ ।

संगिताका श्रीमान् सुनिल भन्छन्-'हामीले दुःख गरेर बनाएको सिलौटो गाडीमा हालेर बेच्न लैजाँदा बाटोमा वन कार्यालय, पुलिस र चेकिङले बिल र पूर्जी माग्छन्, एउटा ढुङ्गाबाट दुईबटा सिलोटो तयार गरेका हुन्छौं । हामी पढेलेखेका छैनौँ, सबै सिलौटोको पूर्जी कहाँबाट ल्याउने कहिलेकाहीँ त गाडी नै रोकिदिन्छन्, लाइसेन्स/बिलबुक राखिदिन्छन् र ४-५ हजारसम्म जरिवाना तिराउँछन् । केही समय अगाडि दाङबाट भाडा पसलले सिलोटो मगायो, तयारी सिलोटो बाटोमा लैजाने क्रममा चेकिङमा पर्‍यो पुर्जि माग्यो, सबै सिलोटोको पिसको पुर्जि थिएन् । १ महिना अगाडिको पुर्जिभयो भन्दै मानेनून पछि टेन्डर लगाएर बेचिदिए । ३०-३५ हजारको पुर्जि सबै डुब्यो । हाम्रो १ महिना देखिको मेहनत र लगानी सवै डुब्यो । ढुङ्गा बेच्न खोज्दा बाटोमै उल्टै घाटा र सास्ती बेहोर्नुपर्छ । सरकारले हामीलाई ढुङ्गा फुटाउन र बेच्न पाउने एउटा परिचयपत्र बनाइदिए सहज हुने थियो ।'

सङ्घर्षको यो यात्रामा संगितालाई आफ्ना दुई ठुला छोराहरूको पढाइ छुट्नुको गहिरो पीडा छ । १८ र २० वर्षका उनका दुई छोराहरूले ५ र ३ कक्षामा छँदै विद्यालय छोडे । पहिले पत्थरकट्टाहरुको आफनो घर हुँदैन्थ्यो । जहाँ काम गर्न गयो त्यहि पालटागेर बस्यो, काम सकिए पछि फेरि नयाँ गन्तव्य तय गर्‍यो र बसाई सर्‍यो । थाई बसोवास नहुँदा छोराहरुको पढाइ पूरा गर्न नसकेको दुखेसो राख्छिन्, संगिता । २ महिना बर्दघाट, २ महिना कावासोती, २ महिना दाङका विद्यालयहरुमा छोराहरु पढ्न गए । फेरीई राख्ने विद्यालय र ठाउँले गर्दा छोराहरुको पढाइ पूरा हुन सकेन । मर्चाघोलाको सुकुम्वासी बस्तीमा झिगुटिले बारेर बस्न थालेपछि बल्ल छोराहरु निरन्तर एउटै विद्यालय जाने थाले । १०/१२ वर्ष हुँदा साना-साना केटाकेटीसँग १ कक्षामा पढ्नुपर्दा लाज मानेर विद्यालय जानै मान्दैनथ्ये पछि बल्ल तल्ल ठुलो छोरा ५ कक्षा र माइलो छोरा ३ कक्षा पढेपछि विद्यालय जानै मानेनून र पढाइ छुट्यो ।

अचेल उनीहरू बुटवल-बर्दघाट रुटको माइक्रोबसमा सह-चालक (खलासी) का रूपमा काम गर्छन् । दिनभरिको धुलो र भागदौडपछि हात पर्छ, मात्र २-३ सय रुपैयाँ । कहिलेकाहिँ त खालीहात नै आउँछन् । 'ज्याला मजदुरीमा गए दिनको ५-६ सय त आउँछ, तर भविष्यका लागि कुनै सीप हुँदैन,' संगिताले चिन्तित हुँदै भनिन्-'छोराहरूले कुनै राम्रो सीप सिकून् भन्ने चाहन्छु ।'

सबै अभाव र चुनौतीका बाबजुद संगिताको आँखामा एउटा आशाको किरण बाँकी नै छ– त्यो हो, ५ वर्षका कान्छा छोरालाई धेरै पढाएर ठूलो मान्छे बनाउने सपना मनभित्र पालेर बसेकी छन् । छोराई पढाउन र दुःख बिमार पर्दा ५ रुपैया ब्याजमा साहुमहाजनकोबाट ऋण लिने गरेको संगिता बताउँछिन् ।

पश्चिम नवलपरासीको बर्दघाट, रुपौलिया, फेचुवा, गोपीगञ्ज, परासी, उज्जैनी र महेशपुर क्षेत्रमा बसोबास गर्ने पत्थरकट्टा समुदायको कथा संगिताको भन्दा फरक छैन । परम्परागत पेसा लोप हुने अवस्थामा पुगेको र आधुनिक सीप एवम् शिक्षाको अभावमा यो समुदाय सुकुम्बासी बस्तीमै सीमित हुन पुगेको छ ।

सङ्गिता भन्छिन्-'हाम्रो न आफ्नो नाममा जग्गा छ, न त आम्दानी, सुकुम्वासी बस्तीमा सानो झुपडीमा बसेका छौं । कहिलेकाहीँ त घरमा चामल नहुँदा भोकै बस्नुपरेको छ ।' एकदिन घरमा चामल नभएपछि श्रीमान् र छोराहरु सुतिरहेकै वेला एका बिहानै सिलौटो बोकेर बजार तिर लागे गाउँ गाउँ दिनभर चर्को घाममा खाली पेटमा पानी पिउँदै हिंडे, तर साँझसम्म पनि सिलौटो बिक्री नभएपछि खाली हात घर फर्केको सम्झना उनको मनमा ताजै छ । उनी सुनाउछिन् कहिलेकाहि छिमेकीसँग मागेर पनि दिन काटे ।

नेपाल सरकारले अल्पसंख्यकहरुका लागि छुट्याएको मासिक भत्ता नै उनीहरुको खानाको स्रोत बनेको छ । सिलौटोको व्यापार पहिले जस्तो छैन् , विक्रिका लागि बजारसम्म लैजान सास्ती एकातर्फ छ भने प्रयोग नै गर्न नचाहाने पनि धेरै छन् । संगिता भन्छिन्-'सरकारले अल्पसंख्यक हरुका लागि भत्ता नदिएको भए भोकै मर्नेथ्यौं । रासन सकिएको बेला आफूसँग पैसा नभए पनि भत्ता आएपछि दिन्छु भनेर पसलबाट उदारोमा समान पाएका छौं । बिरामी हुँदा ५ रुपैयाँ ब्याजमा भए पनि ऋण पाएका छौं, यो सरकारले दिएको भत्ताले गर्दा हो ।'

हातमा ठेला उठ्ने गरी ढुङ्गा काटिरहेकी संगिताको एउटै कामना छ– नयाँ पुस्ताले ढुङ्गासँगै आफ्ना सपनाहरू फुटाउनु नपरोस्, उनीहरूले सीप र शिक्षा पाएर आफ्नो खुट्टामा उभिन सकून् ।

# २५ वर्षे यात्रापछि न्यू पाल्पाली सुनचाँदी नयाँ स्थानमा




बुटवल । बुटवलको सुनचाँदी व्यवसायमा २५ वर्षदेखि निरन्तर सक्रिय न्यू पाल्पाली सुनचाँदी पसल नयाँ स्थानबाट सञ्चालनमा आएको छ । बुटवल-४ अमरपथ (बीपी पथ)बाट सेवा दिँदै आएको प्रतिष्ठान अब बुटवल-६ बीपीचोकबाट करिब १०० मिटर दक्षिण, पूर्ण चैत्य बुद्ध विहार नजिक सरेको हो ।

प्रतिष्ठानले २०८३ साल साउन १७ गतेदेखि नयाँ स्थानबाट कारोबार सुरु गरेको छ ।

२०५७ साल मंसिर ४ गते एमबी विश्वकर्मा एण्ड सन्सका नामबाट सुरु भएको व्यवसायले २५ वर्षको यात्रा पूरा गरेको हो । लामो व्यावसायिक यात्रालाई निरन्तरता दिँदै ग्राहकलाई थप सहज र व्यवस्थित सेवा दिने उद्देश्यले नयाँ स्थानबाट व्यवसाय सञ्चालनमा ल्याइएको एमबी विश्वकर्माले बताए ।

२५ वर्षको अवधिमा सुनचाँदी व्यवसायसँगै दक्ष जनशक्ति उत्पादनमा समेत योगदान गरेको विश्वकर्माले बताए । उनका अनुसार प्रतिष्ठानबाट हालसम्म ५० भन्दा बढी दक्ष कालिगढ उत्पादन भएका छन्, जसले सुनचाँदी व्यवसायमा सीप हासिल गरी स्वरोजगार तथा रोजगारीको अवसर पाएका छन् ।

सुनचाँदी व्यवसाय सञ्चालनका क्रममा भने विभिन्न चुनौतीको सामना गर्नुपरेको विश्वकर्माले बताए । कच्चा पदार्थको मूल्यमा हुने उतारचढाव, सुन कारोबारसम्बन्धी सरकारी नीति, कच्चा पदार्थको सहज उपलब्धतामा देखिने समस्या, व्यवसायको जोखिम तथा सुरक्षाको चुनौती र व्यवसायीबिचको अस्वस्थ प्रतिस्पर्धाले व्यवसाय सञ्चालनमा कठिनाइ थपिएको उनको भनाइ छ ।

विशेषगरी सुनको मूल्यमा हुने निरन्तर उतारचढावले व्यवसायी र ग्राहक दुवैलाई प्रभाव पार्ने गरेको विश्वकर्माले बताए । कच्चा पदार्थको उपलब्धता, सरकारी नीति तथा सुरक्षाको विषयले सुनचाँदी व्यवसायलाई संवेदनशील बनाएको उनको भनाइ छ ।

२५ वर्षको अनुभवलाई आधार बनाएर नयाँ स्थानबाट व्यवसायलाई थप व्यवस्थित र विस्तार गर्ने लक्ष्य विश्वकर्माले लिएका छन् । ग्राहकको विश्वासलाई व्यवसायको मुख्य आधार मान्दै गुणस्तरीय सुनचाँदीका सामग्री, पारदर्शी कारोबार र भरपर्दो सेवामार्फत् आगामी यात्रा अघि बढाउने उनले बताए ।

स्थान परिवर्तन भए पनि २५ वर्षदेखि कायम ग्राहकको विश्वास र गुणस्तरीय सेवाको निरन्तरतालाई प्राथमिकतामा राखिने विश्वकर्माले जनाए ।

# मोहम्मद जयन्तीमा २५ जनाले गरे रक्तदान

भैरहवा । मोहम्मद जयन्तीको अवसरमा भैरहवास्थित अहले सुन्नत व जमाअत अन्जुमन इस्लामिया कमिटिले रगतको अभावको परिपूर्ति गर्न खुला रक्तदान कार्यक्रम गरेको छ ।

रगतको अभावले नै कसैको ज्यान जान नपाओस्, रगतको संचितिमा सहयोग पुगोस् भन्दै नेपाल रेडक्रस सोसाइटीको समन्वयमा हजरत मोहम्मदको १५०१ औ जन्मदिनको पूर्व सन्धयामा संस्था परिसरमै रक्तदान कार्यक्रम गरिएको हो । शनिबार भएको रक्तदानमा २५ जनाको सहभागिता रहेको छ हामी जन्मदिनको अवसरमा विगतमा जस्तै यसवर्ष पनि खुला रक्तदान कार्यक्रम आयोजना गरेको समितिका अध्यक्ष इस्तियाक अहमद बताए ।

रक्तदान कार्यक्रममा बोल्दै प्रमुख अतिथि सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले मुस्लिम समुदायको महत्वपूर्ण महिनामा यस संस्थाले महत्वपूर्ण सामाजिक काम गरेको बताए । वर्तमान परिपेक्ष्य अनुसार यहाको नेतृत्वले आवश्यकता अनुसार सराहनीय र उदाहरणीय काम गर्दै गरेको बताउँदै उनले रगतको अभावमा अकालमा मानिसको ज्यान जान सक्ने भएकाले यो रक्तदान कार्यक्रम समाजका लागि उदाहरणीय कार्य भएको र रक्तदानसम्बन्धी चेतनाको विकास भएको जनाए । स्वच्छ मनले रक्तदान गरे रगत पाउनेको पनि मन स्वच्छ हुने बताउँदै उनले सबैभन्दा ठूलो दान रक्तदान भएकोले रक्तदानलाई गाउँ तथा विकट ठाउँमा पनि लग्दै शैयामा छटपटाइरहेका व्यक्तिलाई रगतदान गरेर जीवनदान दिनु पर्ने बताए ।

यस्तै कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख एसपी जनकबहादुर शाहीले संसारकै महत्वपूर्ण र अल्लाहको मन पर्ने काम कमिटीले आयोजना गरेको प्रशंसा गरे ।

## राजदूत पेन्टस्को प्रदेश डिस्ट्रिब्युटर्स मान्यता इम्पेक्स शुभारम्भ

बुटवल । 'सुन्दरता र सुरक्षाको आधार' नारा बोकेको राजदुत पेन्टस् प्रा.लि. भरतपूर चितवनको लुम्बिनी प्रदेशको आधिकारिक डिस्ट्रिब्युटर्स मान्यता इम्पेक्स बुटवलमा शुभारम्भ भएको छ । बुटवल सुखखानगरमा बिहीबारदेखि सञ्चालनमा आएको डिस्ट्रिब्युटर्सको प्रालिका डाइरेक्टर सुजनबाबु लोहनीले उद्घाटन गरेका छन् ।

मान्यता इम्पेक्स राजदुत पेन्टस्को पाँचौं प्रादेशिक डिस्ट्रिब्युटर्स हो । उद्घाटन कार्यक्रममा प्रालिका डाइरेन्टर लोहनीले २०७८ सालदेखि व्यवसायिक उत्पादन थालेको राजुत पेन्टस् अन्य पेन्टस्को तुलनामा वातावरणमैत्री र पूर्णरुपमा स्वस्थ पेन्टस् रहेकाले लोकप्रिय बन्दै गएको बताए ।

प्रालिले ३ वर्ष देखि १२ वर्ष वारेन्टीका चार भेराइटीका पेन्ट्स् तथा इमामेलहरु उत्पादन गर्दै आएको डाइरेक्टर लोहनीले बताए । देशका सातै प्रदेशमा राजदुत पेन्ट्सको बिक्री वितरण हुँदै आएको उनले बताए ।

सो अवसरमा मान्यता इम्पेक्सका सञ्चालक श्रवणकुमार साहले कम्पनीले आफूलाई विश्वास गरेर लुम्बिनी प्रदेशको डिस्ट्रिब्युटर्सको जिम्मेवारी दिएकोमा कम्पनीप्रति आभार व्यक्त गर्दै प्रदेशका १२ वटै जिल्लामा बजार विस्तार र विक्रि वितरणलाई सहज बनाउने बताए ।

## सूचना ! सूचना !! सूचना !!!

गुल्मी जिल्ला साविक शान्तिपुर गाविस वडा नं. ६ स्थायी ठेगाना भएका भारतीय पेन्सनर धन बहादुर थापा आर्मी नं. JC 626483 M ex सुवेदार 4/8 Gorkha Rifles (गोर्खा राईफल्स) को नेपाली नागरिकता प्रमाणपत्र नं. २०० (जारी मिति वि.सं. २०३७/०७/२८) मा नाम थर धन बहादुर थापा, जन्म मिति वि.सं. २०२०/१०/०१ उल्लेख भएको र पत्नीको नेपाली नागरिकता प्रमाणपत्र नं. १२९९ (जारी मिति वि.सं. २०४४/१२/१०) मा नाम थर धन कुमारी थापा, जन्ममिति वि.सं. २०२४/११/२० उल्लेख भएको र भारत सरकार ले बितरण गरेको पेन्सनपट्टामा पेन्सनरको नाम थर धन बहादुर थापा, जन्म मिति वि.सं. २०१९/०१/०३,( ई.सं. १५ अप्रिल १९६२ ) तथा पत्नीको नाम धन कुमारी थापा, जन्ममिति वि.सं. २०२६/०३/०६, (ई.सं. २० जुन १९६९ ) उल्लेख भई फरक पर्न गएको भए तापनि ती व्यक्ति एउटै हुन । यस्तै प्रकारको नाम थर र जन्ममिति भएको व्यक्ति कोही भएमा सम्बन्धित निकाय जस्तैः वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा दाबी विरोध गर्न सकिने भएकाले यो सूचना जारी गरिएको छ ।



धन बहादुर थापा धन कुमारी थापा




**आत्महत्या समस्याको समाधान होइनः**

**आत्महत्याका प्रमुख कारणः**
- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।

**रोकथामका लागिः**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं ।
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

**एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं ।**



**नेपाल सरकार विज्ञापन बोर्ड**

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com